CC-0. In Public Domain. Digitization by eGangotri

मनःस्थिति

कान्छो छोरो यसै माथि पर्‍यो उल्टो परिस्थिति
निस्कियो जसले यस्तो आज मेरो मनःस्थिति

— भरतराज पन्त

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

मन:स्थिति

(शोक काव्य)

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकको नाम– मन:स्थिति

विधा– शोक–काव्य

लेखक, प्रकाशक– भरतराज पन्त

सर्वाधिकार– लेखकमा

प्रकाशित तिथि– २०५४ मार्ग १० उत्पत्तिका एकादशी

संस्करण– पहिलो

मूल्य– २०।– बीस रूपियाँ

मुद्रक– लुष प्रेस, नयाँ बानेश्वर, फोन ४७३५८६

आवरण– हराएर विपत्ता भो हुँदा चालीस वर्षको
काण्छो छोरो अझै मेरो लाग्दैछदश वर्षको

G.NO.
1527

CC-0. In Public Domain. Digitization by eGangotri

निको नहुने घाउ

अठचालिस साल कार्तिक २९ को महीना ! २८ गते विहान कोठामा सुतिरहेको कान्छो छोरा साँझमा घर फर्कँदा छैन ! सोध-खोज गर्दा 'मनकामना' पुगेर पर्सि फर्कन्छु भनी साँझपख निस्केको अरे ! आशाको दिन गन्दा मार्ग ११ गतेसम्म न मानिस ! न खबर ! वेपत्ता !! मार्ग १२ गते उसका कार्यालयका मानिसहरू आएर पोखराको पाताले छाँगामा लाश फेला परेको खबर पो सुनाउँछन् !!!

तीन-तीन ओटी छोरीकी आमा भैसकेकी बुहारी मार्ग १३ गते पोखरा जान्छे। फेवातालको पुछार पाताले छाँगाको खोप्राबाट बडो मुस्किलले सड्न लागिसकेको लाश झिक्न लगाई जाँच गराई, दाह-संस्कारसम्म पोखरामा सकी मार्ग १६ गते घर फर्की। यी सबै सुनेका कुरा हुन !!

घुरा-पोते फाल्नी, कोरा बारी, काज-क्रिया सकी, दाह-संस्कारको तिथिअनुसार मार्ग कृष्ण उत्पत्तिका एकादशीमा प्रतिवर्ष श्राद्ध पनि गरिरहेको सातौं पटक पनि भइसकेको व्यहोरा देखेको कुरा हुन् ।

'रमेश' नाम छोटचाएर 'रमु' बनिएको कान्छो छोरोको त्यो हालत भएकोमा 'मेरो रमु' शीर्षकमा नौ सर्ग हुँदा महाकाव्य भनेर प्रकाशित गर्दा आफ्नै शिष्यले पनि कसैले कटु आलोचना र कसैले समर्थन समेत गरे ! अरूको निमित्त पुरानो बासी विषय भए पनि क्षतिपूर्ति हुन सक्ने पत्नी-शोकभन्दा क्षतिपूर्ति हुनै नसक्ने पुत्र-शोक बढी मार्मिक हुनाले सबै

CC-0. In Public Domain. Digitization by eGangotri

नयां र ताजा लागिरहन्छ । दिनमा बोल्नेसित बोले पनि, हाँस्नेसित हाँसे पनि चकमन्न रातमा तकियाले तातो आँसु सोसिरहन्छ। नातिनीहरूका ताँतीले जतिसुकै झिलीमिली तुल्याए पनि आफ्नो निम्ति सधैं आँसोको रात छ, सधैं पुर्पुरोमा हात छ, सधैं दुर्दैवको लात छ ! यी सारा आफूले भोगेका कुरा हुन् !

यिनै सुनेका, देखेका, भोगेका कुराको सँगालो 'मनःस्थिति' शीर्षकमा शार्दूलविक्रीडित छन्दका सात-सात श्लोकका १९ टुक्रा सङ्कलित भएका छन् । अन्तमा Love Poem लाई मात्र गजल भनेर जथाभावी लेख्ने चलनसित सहमति नहुनाले लयात्मक माध्यमका रूपमा प्रयोग भएका विभिन्न मात्राका बाह्र ओटा गजलहरू पनि त्यही भावमा समावेश भएका छन् ।

हाल खिलशर्म राजीवलोचन जोशी स्मारक प्रतिष्ठानबाट प्राप्त पुरस्कारको रकम यसकै प्रकाशनमा लगानी भएको व्यहोरा पनि अवगत गराउन चाहन्छु । महाकवि श्रीहर्ष सानैदेखि पितृहीन हुँदा वृद्ध अवस्थाको आमालाई संझेर यस्तो पनि लेख्छन्—

मुहूर्तमात्रं भवनिन्दया दया-सखा सखायः स्रवदश्रवो मम ।
निवृत्तिमेष्यन्ति परं दुरुत्तरस्त्वयैव मातः सुतशोकसागरः ।।

नैषधीय चरित १।१३६

जति पनि सहृदय मित्र होलान् तिनीहरू एकाध घडी आंसु चुहाएर समवेदना प्रकट गर्दै संसारको निन्दा गरेर शान्ति लिन सक्लान् तर पुत्र-शोक भोग्नेको लागि पार पाउन नसकिने समुद्र जत्तिकै गहिरो र फराकिलो अनुभव भइरहन्छ भन्ने कुरो सहृदय भएर यो प्रयास पढिदिने पाठकहरू आफैं बुझ्न सक्ने छन् । बस ।

— भरतराज पन्त

२०५४ मार्ग १० उत्पत्तिका एकादशी
पन्त-कुटी, कुश्लेचौर, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

मन:स्थिति

शार्दूलविक्रीडित छन्द

१

अर्कै पर्न गयो परिस्थिति कडा अर्कै थियो चाहना
घाँटीबाट निकाल्न वाहिर वडो मुश्कील यो वेदना
मेरै मात्र रहेछ विश्वभरमा दुर्भाग्यको पुर्पुरो
कल्ले सुन्छ दिएर कान अहिले अन्यायको यो कुरो ?

मान्छेलाई सकेन चिन्न कहिल्यै मान्छे भए ता पनि
भित्री घाउ सकेन देख्न दुइटै आँखा भए ता पनि
यो चीत्कार सुनेन कान दुइटै टाठा भए ता पनि
माया गर्न सकेन भित्र दिलले आफन्तले तै पनि

इच्छा छैन मलाइ खान मसिनो मीठो तुल्याईकन
इच्छा छैन लगाउनै पनि नयाँ ढाँचा पुऱ्याईकन
इच्छा छैन मलाइ हेर्न रमिता टी. भी. मगाईकन
इच्छा छैन परन्तु छोड्न कविता हिड्दैछु गाईकन

CC-0. In Public Domain. Digitization by eGangotri

हावाको महलै छ जीवन अरे ! भत्काइ पो द्यूं कि म ?
हड्डीको पिँजरा छ शेष सहसा सल्काइ पो द्यूं कि म ?
खाना पस्किदिँदा घृणा छ ननिको लत्त्याइ पो द्यूं कि म ?
मेरो निम्ति खुराक भन्नु छ चिया हुत्त्याइ पो द्यूं कि म ?

तारा झैं इतिहास पिलिपल गरी चम्कन्छ आकाशमा
औंसी मात्र छ वर्तमान धमिलो सर्वत्र आवासमा
कल्ले सक्छ भविष्य भन्न कसको ठेगान भो जिन्दगी
आँशू झैं नसुकोस् तुरुन्त भल झैं हुत्तेर जाओस् बगी

मेरा बान्धव हो ! मलाइ मुटुमा मुक्का बजाउने गर !
सक्छौ आँट्न भने छटक्क खुकुरी हानेर टुक्रा गर !
बाँचेको छु मरेर तैं पनि सियो सर्वत्र घोच्ने गर !
जे गर्छौ गर ! किन्तु मर्म नबुझी हेला नगर्ने गर !

पड्केको बम झैं सक्यो हृदय यो ज्वालामुखी निस्कँदा
मस्तिष्कै सब रन्थनाउँछ महा–भूकम्पले हल्लँदा
हत्या गर्न नहच्कने तँ बलियो मान्छे यहाँ आइ दे !
खम्बा झैं अड्छ बोल्न खोज्छ कवि यो धक्का दिई ढालि दे !

– एसजी

CC-0. In Public Domain. Digitization by eGangotri

२

अवौंको क्षति भैसक्यो न पुरिने के काम भो दामले ?
शोभा श्री घरको सबै उडिसक्यो, के काम भो धामले ?
सारा धाक रवाफ इज्जत गयो, के काम भो नामले ?
छोरो मर्दछ बाबु जीवित छँदै के काम भो रामले ?

त्यै रामायण हेरियो र पढियो त्यै नै महाभारत
त्यै अन्याय थिचोमिचो र कतिको त्यस्तै भयो हालत
स्वप्नै पर्छ मनुष्यको हृदयले पाषाण जस्तै बनी
हारेको पशुतुल्य नै हुनुपर्‍यो ! कस्तो गिरेको जुनी

खोज्दा रोक्न बहन्छ आँसु भल भैं आँखै निचोरे सरि
खोज्दा पक्रन धैर्यलाइ सहसा मच्चिन्छ आँधी–हुरी
खोज्दा लेख्न समेत रुन् कलम यो भैंदिन्छ ढुङ्गा सरि
भैं गो खोज्दिन चूप लाग्दछु भन्यो घन्कन्छ त्यै बाँसुरी

CC-0. In Public Domain. Digitization by eGangotri

'छोराको छ विवाह आइदिनुहोस्' भन्छन् मलाई किन ?
'यो मेरो घरभित्र कुल्चिदिनुहोस्' भन्छन् मलाई किन ?
'खाना ठीक भयो !' भनेर पनि ता डाक्छन् मलाई किन ?
मेरो हंस कता कता उडिसक्यो जाग्दै नजानीकन

केही लाभ उठाउने सुर गरे तत्काल भीड्ने गर
साखुल्ले नगिचै बनी नरम भैं झन् हात माड्ने गर
दाहाडे दिलले बधाइ मुखले भन्दै नभन्ने गर
बोक्रे केवल औपचारिक कुरा गर्दै नगर्ने गर

खानाले पनि छैन तागत कतै झन् हाड–छाला भयो !
नापेका कपडा लुगा खुकुलिंदै सारा जडौरी भयो !
यस्तो जीवनलाइ धर्धर गरी च्यातूँ कि झैं लाग्दछ !
भित्रैभित्र परी परी सय चिरा फाटूँ कि झैं लाग्दछ ?

छोरोले कतिको पढेर पहिले पैल्ला भयो जाँचमा
सारा हर्ष सखाप भस्म भइगो विध्वंसको आँचमा
बिग्रेको गहिरो मनःस्थिति यसो सुल्झाउने हो कता
उल्टो जीवनमा व्यथा छ थपिंदो टुङ्गिन्न कैल्यै कथा

– वन्दना

CC-0. In Public Domain. Digitization by eGangotri

३

पैसाले सुख हुन्छ जीवन भरी पैसा विना दुःख रे !
पैसाले सब मित्र बन्छ दुनियाँ पैसा विना शत्रु रे !
उल्टो लाग्छ मलाइ यो समयमा पैसा हुँदा दुःख छ !
पैसाले पनि मित्र छैन गतिलो पैसा हुँदा शत्रु छ !

पैसाले किन किन्न खोज्छ दुनियाँ स्वाधीन यो जीवन
धिक्कार्दैछ सदैव भित्र दिलले दासत्वको जीवन
छोरो आज समर्थवान् छ म भएँ संसारभन्दा धनी
यस्तो शान अचानकै ढलिदियो चाहिन्नँ केही पनि

छोरालाइ विताउने भइदिए पैसा हुँदा शत्रुले
मेरो लागि सताउने भइदिए हेप्ने यिनै मित्रले
चिम्दै जान्छु समस्त आज दुनियाँ आनन्दमा मस्त छ
वास्ता नै किन गर्नुपर्छ उसले को उठ्छ, को खस्तछ

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान् पूर्वंजको म वंशज थिएँ संस्कार राम्रो थियो
आनन्दी दिल, लेखनी सफलता साहित्य राम्रो थियो
मैले पाइन सान्त्वना तक कतै मेरै लुटे भाग झन्
मेरो वंश–परम्परा पनि लुटे लाग्दै गयो दाग झन्

कालो बादलमा किलिक्क बिजुली चम्कन्छ आकाशमा
झर्दा आँसु लपक्क हुन्छ पृथिवी उछ्वासको सासमा
पर्दा भीषण बज्रपात किन झन् फुट्तैन यो खप्पर
धड्केको छ घरी घरी मुटु यसै छाती बन्यो पत्थर

के हाँस्छौ भन, चन्द्रमा ! गगनमा तारा लिई साथमा
देख्तैनौ किन माथिबाट अहिले के भो यही माथमा
सारा आँसु छ गण्डकी अरु बगी नारायणी भैसक्यो
बाँकी हाड लिएर बाँचिरहँदा ढुङ्गा खडा भैसक्यो !

कल्लाई म कहूँ असह्य दिलमा दुख्ने व्यथा वेदना
कल्ले गर्छ निको हुने पनि कुनै त्यस्तो नयाँ योजना
त्यो बोझ समवेदना पनि पुग्यो ! उर्लन्छ झन् वेदना
बाँच्नै पर्दछ नातिनी पनि यिनै हेरेर पाँचै जना

– जनमत

□

CC-0. In Public Domain. Digitization by eGangotri

४

के जाउँ कसको म आज घरमा रुन्चे लिई चेहरा
आफ्नो पीर सधैं छ आकुसित नै मिल्दैन केही कुरा
न्यास्रो लाग्दछ जान खोज्छ मन यो आफन्त संझीकन
केही लाभ हुँदैन बिझदछ यसै कोट्रिन्छ भित्री मन

दुब्लायौ किन हो ! भनेर पनि ता के काम सोध्दा हुनन्
केही होश–हवाश छैन मसितै के काम वोल्दा हुनन्
जानेरै पनि झन् परिस्थिति सबै थाहा नपाए सरि
भित्री मर्म सबै बुझेर पनि झन् बूझै पचाए सरि

एक्लै बस्नु निको रचेर कविता संग्लिन्छ केही मन
केही बेर समालिईकन वसे ओवाउला लोचन
कैल्ले मिल्छ र शान्ति यो हृदयमा छन् विघ्न नानाथरी
लेखेको पनि च्यात्नुपर्छ सहसा आएर आँधी–हुरी

CC-0. In Public Domain. Digitization by eGangotri

रित्तो शून्य छ कोठरी छ तकिया साथी भिजेको यहाँ
तातो आँसु समेत सोस्छ उसले आउन्न कोही यहाँ
आफ्नै मात्र कुरा छ मानिस यहाँ निःस्वार्थ को पो छ र !
आफ्नै मात्र दुनो समाल्छ कसले के दिन्छ मेरो भर

बिग्रेको व्यवहारले धमिलियो संसार मेरो सब
कुच्चेको अनुहारले भनिसक्यो रित्तो भयो वैभव
अर्को छैन विकल्प कल्पनु सिवा सारा चहारी सकें
मेरो जीत हुँदै हुँदैन कहिल्यै खेलेर हारी सकें

कोही आउँछ भेट्न भित्र मनमा राखेर आफ्नै सुर
आफ्नै गन्थन मात्र गर्छ उसले अर्को कुरा सुन्छ र !
लाग्यो घाउ मलाइ भित्र मुटुमा कल्लाइ के दुख्छ र !
मैले नै नसही हुँदैन सब यो बाँडेर बाँडिन्छ र !

चड्क्यो बज्र अचानकै गगनमा छैनन् कुनै बादल
हल्लायो सब जिन्दगी नयनमा उर्लेर आयो भल
खाली चम्किरहन्छ हाय ! विजुली त्यै सम्झनाको किन ?
निद्रा छैन, छ छट्पटी, दिलभरी पोलो छ रातो–दिन

– रत्नश्री

CC-0. In Public Domain. Digitization by eGangotri

५

ताप्छौ लाज समेत कत्ति न लिई आगो बलेको तिमी
सक्तैनौ कहिल्यै जगाउन कतै आगो निभेको तिमी
तिम्रो के पुरुषार्थ भो र ! यसमा दासत्व भो केवल
गर्नै पर्छ झुलो र चक्मक लिई आगा निकाल्ने वल

यो वैज्ञानिक सभ्यता दिनदिनै चढ्दै गयो मास्तिर
त्यस्तै साधन छन् अनेक अहिले हेऱ्यो भने तल्तिर
यस्तो आज नयाँ परिस्थिति हुँदा मान्छे पुरानो उही
मान्छेलाइ चिनेन अलमल पऱ्यो मान्छे बिरानो उही

आगो ताप्नु मुढा जुटाइ धुनिमा अर्ती बुढाको सुनी
यस्तो चाहिं उखान मान्नु छ भने हो गाउँलेको जुनी
मान्छे आज कता कता पुगिसक्यो यो सभ्यताको युग
झूटो सावित नै हुँदै गइसक्यो योत्रो पुरानो युग

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो देश यसै अशिक्षित हुँदा सारै पछौटे भयो
के हो मानवता र आत्म–बल के चिन्दै न चिन्ने भयो
ऐले मानवता कतातिर पुग्यो सामन्तवादीतिर
हुन्छन् शोषित वर्ग हाय–निमुखा आगै निभेका तर

ऐले मानवता बताउँछ यही ताप्छौ त आगो भने
छेस्का वा समिधा थपेर पनि हो कर्तव्य सल्काउने
आगो ताप्न पऱ्यो भनेर सजिलै जाने बलेको तिर
त्यो आगो अहिले निभ्यो किन ? भनी कोही यहाँ सोच्छ र ?

मान्छे क्षुद्र हुँदै गयो चलनले थोत्रो पुरानो उही
त्यागी छैन कुनै सँधै हृदयले स्वार्थी र लोभी उही
अर्काको हक लुट्न, खोस्न अथवा ज्यानै लिनेसम्म छन्
त्यस्तै व्यक्ति असंख्य छन् मुलुकमा आनन्दले गम्म छन्

सोसेको पसिना सरासर सँधैं झन् आँसु नै सोसियो
सोसेको रगतै समेत कति हो ! लेखा न जोखा भयो !
ज्यानै शोषण गर्न झन् अघि सरे मान्छे बने राक्षस
मेरो जीवनमा बिझाउँछ अझै त्यै राक्षसो चस्‌चस

– जनमत

CC-0. In Public Domain. Digitization by eGangotri

६

तारा उज्ज्वल एक आसु कविजी ती देवकोटा थिए
जल्ले जीवनलाइ नै वन भनी व्याख्या गरेका थिए
सोच्ता वास्तव ठीक लाग्छ अहिले यो जीवनै हो वन
मान्छे हिंस्रक बाघ-भालु सरि छन् चुस्छन् सँधै जीवन

काँडा पत्थर घोच्तछन् पयरमा टेक्नै नमिल्दो गरी
झुम्मेका अरिँगालबाट हमला मच्चिन्छ झन् बेसरी
कैल्हे चिल्दछ चोर तुल्य कमिला, कैल्हे झुसे बारुलो
यस्तै दुःख सँधै सँधै छ जसले भो हात गोडा लुलो

कैल्हे घाम चरक्क पोल्छ पसिना तर्काउने बेसरी
वर्षा हुन्छ झुरी-झरी र असिना, थर्कन्छ चड्का परी
जाडो लग्लग कम्प हुन्छ कहिले सर्वाङ्ग थर्काउने
यस्तो जीवनलाइ सत्यपथमा को हुन्छ फर्काउने ?

CC-0. In Public Domain. Digitization by eGangotri

खोला दुस्तर तर्नुपर्छ कहिले जंघारमा धारमा
हुत्याएर बगाउने डर हुने पार्ने सँधै मारमा
कैल्है दल्दल धापमा पनि परी फुन् फुन् तलै मासिने
यस्तै जीवनको अघोर वनमा हुन्छौ सबै नासिने

ढुंगा आउँछ हान्नलाइ शिरमा गल्याम्म गर्दै लडी
खुट्टा भाँच्छ कि हात भाँच्छ कि हुने गर्दा लडी औ बडी
बाटै छेकिदिने कतै छ पहिरो, ठूलो कतै खाडल
सम्झी साध्य भएन जीवनभरी यस्तै छ कोलाहल

कैल्है यै वनमा कराल लपका भैं आगलागी हुने
हावा हम्कन थाल्छ त्यै बखतमा फुन् रापले आत्तिने
पृथ्वीले जलले तथा अनलले हुर्री हुरी बातले
चारै तत्त्व मिलेर संकट थपे के थाम्छ आकाशले ?

यस्तै जीवन–रूप काननभरी संकष्ट घेरै खपी
बाँचेको कविता भनी हृदयले माला घुमाई जपी
यो भन्दा पनि दुःख के छ ? जसले छोरं गुमाईसक्यो
सारै पत्थरको कडा दिल भनी नामै कमाईसक्यो ?

□

CC-0. In Public Domain. Digitization by eGangotri

७

'भोकै सुत्न हुँदैन, लौ न त उठौं, खाना तयारी छ रे !
संचो छैन कि के भयो ? सब कुरा चीसो हुँदै जान्छ रे !'
भन्दै आउँछ, घच्घच्याउँछ सँधै एकान्तमा रातमा
ब्यूँझी हेर्छु, हुँदैन मानिस यहाँ कोही कुनै साथमा ?

पल्टी खोज्छु निदाउनै बल गरी एक्लै म ओछ्यानमा
माछातुल्य बनी सुखा बगरमा, धक्का परी ध्यानमा
'मैले जानिन खेल्न बाहिर गएँ साथीहरूले लगे
धोका दीकन हुर्मतै सब लिई ज्यानै समेतै ठगे'

उठ्तै सुस्त म फेरि बाल्छु बिजुली कोठा सबै शून्य छ
सारा मस्त, म मात्र बस्छु नसुती, निद्रा यसै शून्य छ
को बोल्यो यसरी बताउँ कसरी बोल्ने उही शून्य छ
शून्यै शून्य छ बुद्ध-दर्शन बनी संसार यो शून्य छ

CC-0. In Public Domain. Digitization by eGangotri

लेखूं केहि भनी लिई कलम औ कापी जसै बस्तछु
सुस्केरा जति निस्कियोस् वल गरी रुन् धैर्यले कस्तछु
आँखा पोल्छ, रिंगाउँदैछ वहुतै मस्तिष्क यो फन्फनी
हट्तै जान्छ परै परै अलप भै लेख्ने सबै सन्सनी

मेरो आत्मजलाइ आज कसले तानी पुऱ्यायो पर
मैले रोक्न र छेक्न नै न त सकें रोयो कि त्यो धर्घर
मेरो ज्यान छंदै अनाथ सरि भै प्राणान्त वाधा खपी
अल्प्यो हो यस शून्यमै कति कुरा खेलाउँदै वा जपी

पिट्ता निर्मम साथ निश्चय भयो होला कठै ! यातना
मैले गर्नु परेनथ्यो पठनको बेला कुनै ताडना
यस्तो हाल सुनी सुनीकन अरे ! के काम बाँचीरहें
केको निम्ति हुरुक्क भैकन हरे: यो ज्यान साँचीरहें

अत्याचार गरेर राक्षस वनी मारेर मान्छेकन
गौप्राणीकन रुन् दिईकन बडो धोका, लगी निर्जन
मार्ने मानिस जो भए पनि ल आ ! मैलाइ मारीकन
छोरो भेट्न तँ दे ! बसूँ म कसरी रोएर रावो–दीन

□

CC-0. In Public Domain. Digitization by eGangotri

८

यस्तो हालतमा मलाइ यसरी छाडी गइस् हे रमु !
निर्मोही दुनियाँ बुझी दिनदिनै के काम मैले घुमूँ
सारै नै पितृभक्त कत्ति मुखले बोल्दै नबोले पनि
गौ–प्राणी तँ थिइस् कठै हृदयले खोल्दै नखोले पनि

मेरो अन्तिम भेट सम्म नगरी निस्की गइस् साँझमा
यी आफ्ना परिवार प्यार घरको छाडी गइस् माझमा
के कस्तो गरूँला म उन्नति भनी सोचेर टाढा गइस्
भित्री चोट बताउनै नसकिने झन् शोक गाढा भइस्

'साथीले मनकामना तिर पुगी लौ घुम्न जाने भने–
फर्की आउँछु पर्सि नै' यति कुरा खोलिस् अरे ! यै सुनें
साथी दुश्मनलाइ सम्झन पुगिस्; ज्यानै गयो बेपता
सारा हालत नै रहस्यमय भो लागेन केही पता

CC-0. In Public Domain. Digitization by eGangotri

लागिस् बाहिर भित्र यो हृदयमा मर्मान्त बाधा थपी
तेरै मात्र कुरा छ आज घरमा यस्तो अवस्था खपी
त्यो चोखो पितृभक्ति आज कसरी सारा बिपत्ता भयो
तेरो जीवन नै अचानक कठै ! अत्ता न पत्ता भयो !

छोरो मात्र गएन आज बलियो त्यो वंश–खम्बा गयो !
सँचेको धनको भविष्य जतिको त्यो सारा जम्बा गयो !
आफ्ना बान्धव इस्ट–मित्रतकको संसार सारा गयो !
मेरो निम्ति रह्यो र के ? प्रगतिको त्यो मूल–धारा गयो !!

मीठो शैशवकालको रहरिलो त्यो बाल–लीला गयो !
चढ्दो यौवनको सयौं प्रगतिको उत्कर्ष बेला गयो !
घुम्ने देश विदेशमा जति भयो सम्पूर्ण यात्रा गयो !
ए मेरो रमु ! हाय ! हाय !! कसरी त्यो प्राणयात्रा भयो !!!

धोकेबाजहरू लुकेर नबसी निर्घक्क आओ यहाँ
यी बाँकी परिवारमाथि सहजै गोली चलाओ यहाँ
छाती थापिरहेछु निर्भय बनी लौ हान, गोली यहाँ
मैले जानु छ पुत्र छटपट गरी रोईरहेको जहाँ

CC-0. In Public Domain. Digitization by eGangotri

१

केही छैन विराम भन्नु उसको चोरी–चकारी कुनै
भ्रष्टाचार, खराब आदत कुनै निन्दा र चर्चा कुनै
चूपै भैकन जो कसैसित उही जान्दैन वोल्नै कुनै
त्यस्ताका पनि शत्रु हाय ! दुनियाँ, खुल्दैन तत्त्वै कुनै

सारै कष्ट गरी पढीकन वन्यो विज्ञानमा स्नातक
तालीमे हुनलाइ भारत पुग्यो केही महीनातक
जागीरे पनि भो विभाग उसले पायो हवाईतिर
अड्डामा पनि हेल–मेल उसको राम्रो थियो रे तर !

कैल्हे बैंककमा पुगेर उसले भाषा त्यहाँको सिक्यो
कैल्हे रुन् फिलिपिन्समा पनि पुगी उत्कर्ष राम्रै खिक्यो
कैल्हे फ्रान्स पुगेर त्यो मुलुकको भाषा पढ्यो सर्सर
क्यानाडा पनि ता पुग्यो अरु कतै पुग्ने हुँदो हो सुर !

CC-0. In Public Domain. Digitization by eGangotri

कोसेली उसका अझै मसित छन्, छन् मालमत्ता अझै
छन् वैज्ञानिक चीज साधनहरू, छन् सम्झनामा अझै
सारा चीज भए परन्तु अहिले अत्यन्त तर्साउने
वाह्रै काल बहन्छ आँसु गहमा मूलै बनी साउने

बाबाको मुख हेर्नुपर्दछ भनी मिष्ठान्न बोकीकन
राख्थ्यो पाउ परेर गद्गद बनी धेरै नबोलीकन
कल्लाई म लगाउँला अब दशैं-टीका ! छ रित्तो मन !
त्यस्तो पुत्र म पाउँला अब कहाँ ! निःशेष भो जीवन !

रोगाएर थला परी विवश भै सारै बिरामी हुँदा
त्यै छोरो अघि सर्दथ्यो छटपटी देखाउँथ्यो सर्वदा
राखी मोटरमा जँचाउन उही लान्थ्यो र फर्काउँथ्यो !
सेवा खूब गरेर औषधिहरू आफैं बसी ख्वाउँथ्यो !

छौ मेरा प्रिय मित्र बान्धव भने छुट्टै अहाँ आइद्यौ !
त्यो मेरो पितृभक्त पुत्र छ कहाँ ? खोजेर लौ ल्याइद्यौ !
ठूलो पुण्य हुनेछ लौ यति गरे राखेर सद्भावना
मेरो अन्तिमको निवेदन छ यो, यै अन्त्यको प्रार्थना !

□

CC-0. In Public Domain. Digitization by eGangotri

१०

मेरो जीवन आँसुमा डुविसक्यो चुर्लुम्म चुर्लुम्म भै
मेरो मर्नु न बाँच्नु जीवन सँधै विक्षिप्त विक्षिप्त भै
मेरै दुःख थपेछ झन् अरु वढी चौपट्ट चौपट्ट भै
मेरो मर्दछ आँट साहस सबै खस्रक्क खस्रक्क भै

तीनै वर्ष अबोध बालक छँदा आमा वितेकी अरे !
हुन् चिन्तामणितुल्य वाबु जसले स्याहार राम्रो गरे
त्यस्ता बाबु समेत चौध म हुँदा बेहोशमा नै मरे !
वैरी नै धुरिए अकारण सबै सर्वस्व मेरो हरे !

मेरो गाँस न बास हालत भयो रित्तो भयो सम्पति
जस्तै दुःख परोस् परन्तु सहँदै बाँकी रह्यौं दम्पती
निस्केथे कति कोपिला कुसुमका फक्रेर वैशाखमा
झुक्केथे गहना बनी चहकिला मेरा यही काखमा

CC-0. In Public Domain. Digitization by eGangotri

पैलो पुत्र दिनेशको भइदियो त्यस्तै नराम्रो कुरा
ऐल्है सम्म विझाउँदैछ दिलमा मानौं धसे झैं छुरा
पृथ्वी छन्द बगेर आँसु रसिलो त्यै काव्यमा थन्कियो
त्यो वेला सहनै समेत नसकी राँको बनी दन्कियो

कान्छो पुत्र रमेश शेष रहँदा आधार राम्रो थियो
पानी झैं पसीना बहाउन परोस् अभ्यास राम्रो थियो
पैल्हा भैंकन निस्कियो क्रमसँगै जागीर राम्रो थियो
त्यस्तै छोटकरी भए पनि विहा दाम्पत्य राम्रो थियो

छोरी तीन जना भए पनि सँधै उत्साह राम्रो थियो
घुम्ने देश–विदेशमा रहरको उत्कर्ष राम्रो थियो
भावी उन्नतिको भविष्य उसको के पो नराम्रो थियो
त्यो सारा सपना बनी लय भयो ! त्यो हाय ! के के थियो !!

पैल्हेको लघुकाव्यले विरहको ज्वाला सुतेको थियो
ऐल्हेको यस काव्यले विरह झन् लामो कथा झैं भयो
जन्मेदेखि मरेतकै विरहमा पिल्सी म जाने भएँ
सारा जीवन आँसुले लपलपी पारेर लाने भएँ !!

CC-0. In Public Domain. Digitization by eGangotri

११

शालिग्राम नुहाउँदा दिनदिनै के लाभ मेरो भयो !
गीता भागवतादि पाठ गरियो के सार मेरो भयो !
श्रद्धाले पितृकार्यमा अघि सरें सारा भयो निष्फल
मेरो के अपराध पाप हुन गो उम्लन्छ तातो भल

चारैतर्फ अशान्ति मात्र छ भने के काम भो वेदले ?
ताँती झुम्मिन थाल्छ चोर कमिला के काम नैवेद्यले ?
बास्ना निस्कन नै सकेन गतिलो के काम भो धूपले ?
यो मेरो कुलदीपकै निभिदियो के काम भो दीपले ?

गर्दा संगत साधु–सन्त–जनको सङ्लन्न रत्ती मन
ठण्डा पार्न सकेन झन् भजनले सुन्दा सदा कीर्तन
लेख्ता केवल निस्कँदो छ कविता लम्विन्छ धागोसरि
पढ्दा आँसु बहन्छ पोल्छ मनमा अत्यन्त आगोसरि

CC-0. In Public Domain. Digitization by eGangotri

यो भन्दा अरु पाप के छ र यहाँ, के धर्म मैले गरूँ ?
यो भन्दा नरकै कहाँ छ र अरे ! के कर्म मैले गरूँ ?
यो भन्दा पनि दुःख भोग्नु छ र के ? के यज्ञ मैले गरूँ ?
यो भन्दा अभिशाप आउँछ र के ? के तीर्थ मैले गरूँ ?

ऐले लाग्दछ धर्म–कर्म पनि ता हो तुच्छ आडम्बर
कैल्यै वाहिर देखिदैन भगवान् बोल्दैन रे ! ईश्वर
मेरो आस्तिक भावना हटिसक्यो, बन्दै गएँ नास्तिक
वंशै नास्ति हुँदै गयो यदि भने के फाइदा आस्तिक ?

श्रद्धा, भक्ति, दया, क्षमा पनि हुँदा यो वज्र थप्नै पऱ्यो !
छाती फुट्न सकेन किन्तु अहिले रुन् आँसु मात्रै रुऱ्यो
के को पूजन गर्नु मात्र अहिले यो घण्ट हल्लाउँदै
छोडी दिन्छु म आरती पनि सबै यो शंख घन्काउँदै

यो सारा सुख-दुःख कर्म-फल हो के गर्छ रे ! ईश्वर ?
जे रोप्यो यहि फल्छ आखिर भने के दिन्छ रे ! ईश्वर ?
छैनन् पत्थरमा र चित्र–पटमा कोही कुनै ईश्वर
आत्मा नै कमजोर हुन्छ जसको के चिन्छ त्यो ईश्वर ?

– गरिमा

CC-0. In Public Domain. Digitization by eGangotri

१२

मार्ने हैन म मार्गछेउ रहने टालो बिछाईकन
भाग्ने हैन म मृत्युकै छटपटी पाई डराईकन
नाघ्ने हैन म जे भए पनि गरी कर्तव्यको पालन
जाग्ने हैन उसै सही अरु सही थामेर बस्ने मन

जिब्रो टोक्तछ दाँतले जति दुखोस् कस्लाइ द्यूँ दोष म ?
खानाले पनि पेट दुख्तछ भने कल्लाइ द्यूँ दोष म ?
चिप्लोमा म पछारिईकन लडें कल्लाइ द्यूँ दोष म ?
आफ्नै खप्परले रुवाउँछ भने कल्लाइ द्यूँ दोष म ?

ठूला छौ धनधान्यले भवनले राजासमानै तिमी
देख्तैनौ कसको परिस्थिति छ के, कुर्लन्छ शानै तिमी
के नाप्यौ र मलाइ यो समयमा लागेर तिम्रो पछि
त्यै सम्पत्ति सिरान लीकन गए ! यो जिन्दगानी पछि

CC-0. In Public Domain. Digitization by eGangotri

माटो बन्दछ धाक–इज्जत सबै, माटो सबै सम्पति
माटैको इतिहासमा मिलिसके राम्रा सयौं दम्पती
त्यै माटोसित लड्ने किन उसै लड्न माटोसित
माटोले हित गर्छ आखिर भने बन्नेछु माटो कि त !

मेरो पुत्र गयो अचानक परी षड्यन्त्रको झेलमा
मेरो धाक, रबाफ, इज्जत सबै बग्दै गयो भेलमा
मैले भोग्नु रह्यो र यो भुवनमा के चाहिं बाँकी अब
मैले देख्न नपाउने सइसक्यो आनन्दको उत्सव

घाएँ धाउनसम्म सन्तति भनी ताकेर ढोकातिर
सारा खेर गयो परिश्रम यसै पाएर धोका तर
सारै शोषण भो बगेर पसिना तातै छ फोका पनि
घिच्यायौ बगरे बनेर म यसै लम्केछु बोका बनी

हेलाले जति जे दियौ अब पुग्यो, खाएँ, अघाईसकें
के को खातिर गर्नुपर्छ र यहाँ हैरान पाईसकें
सारै जर्जर भै सकें, रगत नै रोई बगाईसकें
जे जे पोख्नु थियो सबै हृदयको भाँडो खन्याईसकें !!

CC-0. In Public Domain. Digitization by eGangotri

१३

सम्झी साध्य हुँदैन रे ! जुन कुरा सम्झन्छ त्यै चित्तले
इच्छा गर्छ सँधै सँधै हृदयले पुग्दैन जो वित्तले
बिर्सूं भन्दछु याद आउँछ कठै ! फर्कंर रातो–दिन
साह्रो पत्थर नै हुँदैन किन हो ! पग्लन्छ सित्तै मन

आमा–बाबु भने सदैव मनले सन्तान नै सम्झने
झन् सन्तान भने हुँदै परपरै ढुंगो जपे झैं हुने
यस्तै रै'छ परम्परा सब बुझी–जानी अझै तै पनि
निर्मोहीकन सम्झँदैछु मन यो बिर्सन्न कैल्यै पनि

रोई बर्बर आँसुले दिन–दिनै जस्तै नुहाए पनि
सारा जीवन नै यसै पिर्रलिदै स्वाठ्ठै सुकाए पनि
गुज्रेको दिन फर्कंदैन कहिल्यै छाती फुटाए पनि
जानेको छु हरे ! परन्तु किन हो बिर्सन्न कैल्यै पनि

CC-0. In Public Domain. Digitization by eGangotri

जाबो कुक्कुरको समेत मनले मार्दैन माया भने
त्यो छोरो पितृभक्तलाइ कसरी सोच्छै सबै बिर्सने ?
चिन्दै आइसकें समाज अहिले सर्वत्र छन् वैगुनी
जस्तो होस् जति वैगुनी हृदयले बिर्सन्न कैल्यै पनि

छाती च्यात्न हुने भए म सजिलै च्यातेर देखाउँथें
देहै साट्न हुने भए म अहिल्यै साटेर नै ल्याउँथें
केही छैन उपाय हाय ! कसले बुझ्ने विवेकी बनी
निद्रामा सपना सँधै भइदिदा बिर्सन्न कैल्यै पनि

छन् सारा उसकै चिनो घरभरी सम्झाउने साधन
सारा दुर्गुण अल्पिए लय भए बाँकी रह्यो सद्गुण
सम्झेला कसले सफा हृदयले सुक्दा सबै जीवनी
मेरो भन्नु रहेन तै पनि हरे ! बिर्सन्न कैल्यै पनि

आफ्नो भन्नु रहेछ के र ? दुनियाँ संसार यो बैगुनी
जस्तै नै उपकार खातिर गरौं बन्दैन कोही गुनी
आफ्नै जीवनमा रहेन ममता माया अरू के कुरा !
लेखेकै छु दुखाउँदै दिनदिनै आफ्नै दुवै पाखुरा !

— गरिमा

७

CC-0. In Public Domain. Digitization by eGangotri

१४

के को निम्ति हुरुक्क हुन्छ मन यो कल्पेर बेकारमा
कैल्यै जीत हुँदैन पर्नु छ सँधै संघर्षमा हारमा
साँच्नै पर्दछ जिन्दगी जति परोस् संकष्टको मारमा
बांच्नै पर्दछ रे ! हरे ! शिव ! अफै हारेर संसारमा

मान्छेलाई विपत्ति पर्दछ अरे ! पर्दैन ढुङ्गाकन
ढुंगोलाइ विपत्ति पर्छ पहरो फोर्ने गरेको दिन
लोहा टुक्रिइहाल्छ रे ! जब छिनो ठोक्छौ बजारीकन
मान्छेचाहि रहेछ खूब बलियो साह्रो हुँदा जीवन

कैयन् दुर्घटना परेर पनि ता मान्छे मरे हेरियौ !
पक्री धैर्य अडेर सास सजिलै सन्तोषले फेरियौ !
पक्का हो हुन ता परन्तु तिनको दैवी विपद् देखियो
मेरो चाहि त मानवीय कटुता अन्याय भै पोखियो

CC-0. In Public Domain. Digitization by eGangotri

के जानोस् खुकुरी ? कडा छ कतिको वाधा अचानोकन
जान्ला डाक्टरले चिरेपछि हुने वाधा बिरामीकन ?
मेरो मर्म बुझेर साध्य नहुने साह्रो छ साह्रै कुरा
गोडैमाथि पर्‍यो प्रहार सहसा चढ्दै थिएँ टाकुरा

आफ्नै मात्र कुरा गरिन्छ सहजै स्वार्थी म बन्ने भएँ
निःस्वार्थी जन देखिए यदि कुनै चूपै म बन्ने थिएँ
स्वार्थीकै छल–छामले म लुटिएँ सर्वस्व मेरो गयो !
मेरो भन्नु कुनै रहेन सब यो संसार रित्तो भयो !

फुक्र्याए पनि के भयो गहकिलो राम्रो पुरस्कारले
तुक्र्याए पनि के भयो कुकुरले हेपी तिरस्कारले
मेरो निम्ति हरा–भरा सब धरा पर्दछ सारा चिरा
सुक्खा भो मरुभूमि झैं जलविना तड्पन्छ खाली चरा

हे साहित्यिक बन्धु हो ! दिनदिनै मेरो नमस्कार छ
मेरो जीवनमाथि दुष्टजनको सोझै बलात्कार छ
मेरो पुत्रविहीन जीवन हुँदा यो शून्य संसार छ
चोखो मानवता रहेन जसमा हत्या छ, संहार छ

□

CC-0. In Public Domain. Digitization by eGangotri

१५

कोही इस्ट र मित्रले सडकमा भेट्टाउँदा सोध्दछन्
के के भो घटना ? भनेर हुन ता आत्मीयता खोल्दछन्
मेरो लागि सियो लिईकन उसै कन् घाउ कोटचाउँछन्
लामो हुन्छ कुरा भनेर बिचमै तर्सेर छोटचाउँछन्

आगो झैं अभिशापले अति कडा पिल्स्याइएको छु म
हाँडीमा उसिनेर सागसरि नै ओल्स्याइएको छु म
आफ्नो सन्तति छैन दुर्नियतिले सिध्याइएको छु म
बाँचेको छु परन्तु जीवन सबै रित्त्याइएको छु म

ए मेरा सुख–दुःखका विषयमा चासो लिने मित्र हो !
अत्याचार कडा भएर सहनै गाह्रो परेको न हो
सक्छौ गर्न विरोध लौ त लडियौ त्यो तत्त्वका साथमा
सक्तैनौ त भएर चूप हिँडियौ अन्यायको रातमा

CC-0. In Public Domain. Digitization by eGangotri

आगो सल्किरहेछ भित्र मुटुमा जल्दैछ यो जीवन
पानीको अतिवृष्टि नै भइसक्यो गल्दैन यो जीवन
हुर्री आउँछ छन् हुरी पनि अझै उड्दैन यो जीवन
नाता चट्ट चुँडी लगे पनि कठै ! चुँड्दैन यो जीवन

सारा आँसु मसी बनीकन बग्यो, छाती बन्यो कागत
धड्केको मुटु लेखनी बनिसक्यो, बढ्दैछ नातागत
के होला कविता बनेर पनि ता मूल्याङ्कनै छैन रे !
कौडीमा पनि मिल्कियो मणि भने बेच्ने कुरै छैन रे !

जोगाएर कणा कणा रस झिकी जम्मा गरेको मह
तत्कालै लुटियो, गयो, अब रह्यो बाँकी मनैको बह
खोतल्दा घमिलिन्छ झन् हृदयमा जम्मा भएको दह
सम्झाएपछि चर्किंदा विरह झन् झन् आँसुको भो रह

मालीको ढकमक्क फूलहरुको यो फूलवारी गयो
बास्ना मग्मग चल्दथ्यो सब गयो, दुर्गन्ध भारी भयो
चारैतर्फ मसानको छ नतिको वीभत्स नाङ्गोपन
मेरो दुःख म मात्र जान्दछु कहाँ कस्तो छ यो जीवन ?

८

CC-0. In Public Domain. Digitization by eGangotri

१६

पानी पर्दछ झम्म झम्म छिनमा जम्मा हुँदा बादल
घन्काईकन घन्न घन्न छिनमा झन् नौमती मादल
के उब्जाउन सक्छ तागत दिने खाद्यान्न यो भूमिमा
हुत्त्याएर बगाउँदैछ भरिलो बाली सबै दूरमा

यात्रामा अवरोध हुन्छ पहिरो गर्ल्याम्म भै खस्तछ
मच्चेको पनि थच्चिएर छिनमै टक्कक भै बस्तछ
कल्ले गर्छ सहायता बरु यता हेर्छन् तमाशा सब
आत्तिन्छन् बहने परन्तु रहने मात्तिन्छ मात्रै अब

बर्षा जान्छ बितेर आउँछ शरद् सारा दशैं मान्दछन्
दुःखीमा थपिएर दुःख अरु झन् सारा दशैं मान्दछन्
अर्थै भिन्न छ बिन्दु मात्र थपिदा, छिक्ता उही शब्दमा
मेरो निम्ति त बिन्दु नै उडिसक्यो के अर्थ भो शब्दमा ?

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै चाड तिहार आउँछ सबै दीपावली भन्दछन्
त्यो सामाजिकता समेत कतिले व्यक्तित्वमा गन्दछन्
आनन्दी मनले विहार रसिलो मान्छन् तिहारै यहाँ
चर्केको यदि घाउ हुन्छ दिलमा ती हार मान्छन् यहाँ

जाडो लाग्दछ घाममा, हिउँदमा कोही मजा मान्दछन्
कोही चाहिं 'मजा भएन अहिले गर्मी मजा' भन्दछन्
न्यानो चीज मजा सँधैभर हुंदा, न्यानो कुरा हो कुन ?
न्यानो छैन विछानमा, सिरकमा थर्कन्छ यो जीवन

वासन्ती छविलाइ झन् प्रकृतिको उत्कर्षमा गन्दछन्
मीठो कोकिलको सुनीकन 'कुहू' आनन्दमा पर्दछन्
त्यो भित्री अनुभूतिको उपज हो दुःखी–सुखी छुट्टिने
मेरो लागि सधैं 'उहू !' छ दिलमा सर्वाङ्ग नै छुट्टिने

प्रातःकाल छ सूर्यले अरुणिमा आलोक देखाउँछन्
सायकाल छ चन्द्रमा चहकिला भै चाँदनी ल्याउँछन्
सारा दृश्य झिलीमिली जति खुलोस् संसारको सुन्दर
मेरो निम्ति उज्यालियोस् र कसरी वत्ती निभेको घर !

□

CC-0. In Public Domain. Digitization by eGangotri

१७

निर्मोही अति निष्ठुरी हृदयले छाडे दुवै पुत्रले
लेखी साध्य हुँदै भएन दिलले सम्झाउने चित्रले
आउन्नन् अव फर्किएर कहिल्यै लेख्ता सयौं पत्रले
बुझ्लान् मर्म भए विवेक गतिलो आफन्त या मित्रले

ज्यादै भित्र पुगी गडेर ममता–माया दिलै खिन्न भो !
झूटो बन्न पुगेर चट्ट चुँडिदा झन् छिन्न भो भिन्न भो !
मायामा बहँदा यसै नयनको धारा अवच्छिन्न भो !
केही लाभ हुँदै भएन भइ गो माया लिदै लिन्न भो !!

देखेको सपना समेत पनि ता सारा मनोवाद हो
लेखेको विपना अवश्य उसकै आभास हो याद हो
यस्तो चञ्चल चित्तलाइ न थुने सर्वत्र वर्वाद हो
साँच्चै थुन्न सक्यो भने हृदय यो अन्तर्मुखी नाद हो

CC-0. In Public Domain. Digitization by eGangotri

सच्चा सोख समेत चट्ट भुलियो छोरा र छोरी भनी
कच्चा जङ्गलमा पसेर डुलियो पानी–पसीना बनी
त्यो सारा मरुभूमि भैं सुकिगयो चिल्लो–रसीलो न भैं
छारो मात्र उड्यो दुवै नयनमा घोच्ने र पोल्ने हुँदै

पश्चात्ताप सिवाय हाय ! दिलमा खेल्दैन केही पनि
छाती फाट्न अझै सकेन किन हो ! निःशेष भैं जीवनी
माया गर्नु त सृष्टिको कदर हो, सौन्दर्यको बोध हो
मायामै दिन–रात लम्पट भए झन् जिन्दगी बोझ हो !

मान्छे आपसमा चिन्हीकन सदा सामाजिकी न्यायमा
मीठो मेल–मिलापभित्र रहँदा पर्दैन अन्यायमा
जानेरै पनि बन्छ मानिस अझै स्वार्थी र अन्धो किन ?
अर्काको हक खोस्न खोज्छ सहसा ज्यानै चुँडी लीकन

मान्छे भैकन मात्तिएर कसरी मार्दछ मान्छेकन
साथी भाइ भएर मार्छ कसरी ढुंगो तुल्याई मन
त्यस्ता राक्षसलाइ आज कसरी बिर्सेर मान्छे भनूँ ?
दन्केको अभिशापबाट कसरी उम्केर मान्छे बनूँ ?

☐

CC-0. In Public Domain. Digitization by eGangotri

१८

आमाको रसिलो पियार उहिल्यै दूधै न छुट्ता छुट्यो
मीठो स्नेह दिने बुवा पनि कठै ! वेलै न पुग्दा टुट्यो
आएकी अनजान एक अवला साथी वनेकी थिईं
मीठो यौवनको वसन्त वहँदा छोरा र छोरी दिईं

चारै सन्ततिको वनेर जननी विक्षिप्तता छड्किदा
शङ्काको भुमरी अनर्गल जथाभावी कुरा कड्किदा
जेठोचाहिं विभिण्डियो, विष पिई स्वाहा गऱ्यो जिन्दगी
आमा-बाबु रुवाउने हुन पुग्यो खोलो वगे झैं वगी

कान्छो भो अवलम्व, पास पनि भो, राम्रै लियो नोकरी
आशा, आड, भरोसले पनि फुक्यो आनन्दको वाँसुरी
कोहीको करको परिस्थिति हुँदा आई बुहारी वनी
थाम्ला वंश-परंपरा अव भनी वांधें भकारी पनि

CC-0. In Public Domain. Digitization by eGangotri

घुम्दै देश–विदेशमा गहकिलै गर्ने भयो आर्जन
जोड्ने भो घरमा नयाँ रहरले विज्ञानको साधन
खेल्छन् घाँघरमा फुरुक्क पुतली बढ्दै थियो उन्नति
थाहा कत्ति हुँदै भएन विधिले चाँडै पुऱ्यायो मिति !

आफ्नाले हितले भने पनि कुनै सल्लाह मानेन छ !
साथी सङ्गतको रहस्य गहिरो कस्तो छ ? जानेन छ !
सोझालाइ छकाउँदै छल गरी मार्ने भए मानिस !
मान्छे हुन् अमृतै परन्तु कसरी बन्दै गएछन् विष !

आफ्नै गल्ति भएछ ! सन्तति भनी माया गरें व्यर्थमा
पानी झैं पसिना झिकी खलखली दौडेछु के अर्थमा !
लाग्यो हात अनर्थ मात्र अहिले सर्वस्व स्वाहा भयो !
हाहाकार खडा भयो ! अति भयो ! सारा तबाहा भयो !!

गीता भन्दछ बिर्सिदे सब कुरा एकान्तमा हाँसिदे !
हाँसोले सब दुःख जान्छ मन नै आनन्दमा गाँसिदे !
नानीदेखि बसेर बाँनी बलियो झस्कन्छ सारै मन
सम्झाएर सताउँदा समयले थकन्छ झन् जीवन

CC-0. In Public Domain. Digitization by eGangotri

१९

मोतीराम थिए प्रसिद्ध कविजी, हुन्थ्यो खडा मण्डली
मीठो मेल–मिलापमा कवि थिए, फुट्तैनथे खण्ड ली
लक्ष्मीदत्त विशेष 'इन्दु' कविजी प्रख्यात साथी थिए
लेख्थे सुन्दर भावका गजल झन् सारै रसीला थिए

निस्केथे मणिदत्त पुत्र उनका ती पन्तका सन्तति
उस्तो निस्कन ता सकेन उनको स्वयं लेखिएको कृति
साथी 'शम्भु' थिए अभिन्न उनका भागेर टाढा गए !
सल्काएर समस्त काव्य मणि झन् सारै विरागी भए !

आएयें हुन ता म पुत्र उनकै संस्कार पाईकन
थाम्ने वंश–परंपरा पनि थियो इच्छा भएको मन
इच्छा गर्दछ एउटा हृदयले अर्कै कुरा पर्दछ
इच्छाको फल उल्टियो यदि भने उत्साह नै मर्दछ

CC-0. In Public Domain. Digitization by eGangotri

ज्वालाले अभिशापको अतिशयै पिल्स्याइयो जीवन
ओवानो हुन नै सकेन धमिलो शोकाश्रुले लोचन
जन्मेका दुइ पुत्रले प्रगतिको बाटो समाते पनि
तोडे वंश–परंपरा निठुर भै वेकार भो जीवनी

यो वैज्ञानिक सभ्यता छ कसले साहित्य लेख्ने अव ?
लेखेको कविता समेत कसले गाएर पढ्ने अव ?
यस्तै उठ्छ यदा–कदा हृदयमा नैराश्यको बादल
गर्नै पर्दछ काम या सफल होस् या होस् सँधै निष्फल

कोही आउँछ भित्रवाट सहसा एकान्तमा रातमा
कानैनेर सुटुक्क भन्छ– 'कवितालाई लिएस् साथमा'
यो विज्ञान न होस् परन्तु छ मनोविज्ञान साहित्यता
भित्र्याईकन शान्तिलाइ मनमा राख्नेछ संघर्षमा

चर्कोस् घाउ असह्य भै हृदयमा लेखेर नै वस्छु म
लेखेको कविता लिई हृदय यो बाँधेर नै कस्छु म
जस्तै दुर्घटना छचल्किइरहोस् दैवी तथा मानवी
फक्री फूल सुवास दिन्छ कविता वस्तैन सित्तै दबी

CC-0. In Public Domain. Digitization by eGangotri

मनःस्थिति
विभिन्न गजल लय

१

यो शुभेच्छा मित्रलाई यो उज्यालो हर्षमा
भित्रसम्मन् होस् उज्यालो फुन् नयाँ यो वर्षमा

फर्दछन् थोत्रा पुराना पात सारा भूमिमा
फुन् नयाँ भै मुस्कुराऊन् पालुवा यो वर्षमा

कोपिला इच्छा सयौं छन् चित्तमा फैं वृक्षमा
वासना भै तग्मगाऊन् फूल फैं यो वर्षमा

बिर्सिई बित्दै गएका पीर बाधा–वेदना
योजना हुन् काम गर्ने जाँगरी यो वर्षमा

ए, कता छन् एकताको भिन्न लामो मार्गमा
लक्ष्य यौटै होस् सबैको कर्ममा यो वर्षमा

शत्रुता टाढा पुऱ्याई मित्र आउन् सामुमा
चित्र जस्तै भित्रको होस् कामना यो वर्षमा

यो शुभेच्छा मित्रलाई यो उज्यालो हर्षमा
भित्रसम्मन् होस् उज्यालो फुन् नयाँ यो वर्षमा

– गोरखापत्र शनिबार २०५१ वैशाख १०

CC-0. In Public Domain. Digitization by eGangotri

२

कुरा अड्केर घाँटीमा मसक्कै कस्न बाँकी भो ।
कथा झैं जिन्दगी रित्तो शिशी झैं खस्न बाँकी भो ।।

हुँदा हैरान झन् भोगी सँधैंको भित्रको रोगी
सबै छोडी बनी जोगी खरानी घस्न बाँकी भो !

जमानाको कुरा सम्झयो पुरानो हालतै बल्झयो
सबै छाती यसै अल्झयो कटारी धस्न बाँकी भो ।

धमीलो देखिंदा टाटो विपत्ता भो सबै बाटो
भएजस्तै हुँदा लाटो कुनामा पस्न बाँकी भो !

बित्यो एकेक गन्दामा युगौं यै काम–धन्दामा
नमिल्दा लाभ फन्दामा लगत्तै फस्न बाँकी भो !

न छन् आफ्ना यहाँ कोही चिह्नी संसार निर्मोही
मुहारै आँसुले धोई न बोली बस्न बाँकी भो !

कुरा अड्केर घाँटीमा मसक्कै कस्न बाँकी भो ।
कथा झैं जिन्दगी रित्तो शिशी झैं खस्न बाँकी भो ।।

– गोरखापत्र, शनिवार २०५० चैत्र २०

CC-0. In Public Domain. Digitization by eGangotri

३

बोली कुनै न खोली बुझ्दैन चित्त मेरो
देखेर चित्र मात्रै बुझ्दैन चित्त मेरो

घटना उही पुरानो ममता हुँदा विरानो
कविता रचेर सानो बुझ्दैन चित्त मेरो

जति सोच्छु लाग्छ उल्टो, सुल्झदैन कत्ति सुल्टो
बल्दैन यो अगुल्टो बुझ्दैन चित्त मेरो

कति घाउ झन् गडेको वनतुल्य भै डढेको
झन् जिन्दगी अडेको बुझ्दैन चित्त मेरो

सब जूनले उज्यालो पनि रात लाग्छ कालो
धमिलो झनै छ जालो बुझ्दैन चित्त मेरो

पानी बनी जवानी भो जिन्दगी कहानी
हुनसम्मको छ हानि बुझ्दैन चित्त मेरो

बोली कुनै न खोली मर्दैन गीत मेरो
हेरेर चित्र मात्रै बुझ्दैन चित्त मेरो

– गोरखापत्र, शनिवार २०५१ जेठ १८

U7 NO
1527

CC-0. In Public Domain. Digitization by eGangotri

४

न बोल बोली कुनै उघारी न खोल भित्री कुरा मलाई
परन्तु राती झपक्क उम्दा झलक्क सपना दिए ! मलाई

निदाउनै भो असाध्य गाह्रो उठेर लेखूँ, छ हात साह्रो
मनै अँध्यारो वनै अँध्यारो दिंदै छ चिन्ता सँधै जलाई

न दिल्लगीले कतै रमाएँ न नाम राम्रो कतै कमाएँ
समस्त आफ्नाहरू गुमाएँ रहन्छु राँको सधैं बलाई

भुसुक्क बिसूँ न बिर्सिने भो झलक्क सम्झूँ रुवाउने भो
यसै गरी के कसो हुने भो ! शरीर सारा लग्यो गलाई

रमाइला छन् न जून-तारा गिज्याउँदैछन् गरी इशारा
सँधै बगेको छ आँसु धारा कहाँ म जाऊँ पयर चलाई

कथा छ मेरो न लेखिएको, व्यथा छ मेरो न देखिएको
अभाव मात्रै छ पोखिएको लिएर साथी चुरोट सलाई

न बोल बोली कुनै उघारी न खोल भित्री कुरा मलाई
परन्तु राती झपक्क उम्दा झलक्क सपना दिए ! मलाई

– गोरखापत्र, शनिवार २०५१ साउन २९

CC-0. In Public Domain. Digitization by eGangotri

५

अलपत्र लाग्दछ जीवनी म नटुङ्गिने कविता भएँ !
जति घोटिए पनि लेखनी न यता भएँ न उता भएँ !

अभिशापले तन पिल्सियो अनुभूतिले मन रित्तियो !
अब शेष के छ र, सिद्धियो ! ननिको असह्य व्यथा भएँ !

कविता न वास्तव लेखियो न भविष्य उज्ज्वल देखियो
मरूभूमिमै मन पोखियो अधुरो अपूर्ण कथा भएँ !

न उठेर माथि अकासिने न गिरेर तल्तिर भासिने
बिचमै परेर बतासिने म कता थिएँ म कता भएँ !

घर उभ्भियो धनले न ता मन थामियो जनले न ता
पुरुषार्थं भो तनले न ता म कता कता बिपता भएँ !

न कलत्र छन् न त पुत्र छन् गतिला न इष्ट र मित्र छन्
न कुनै पवित्र चरित्र छन् न उज्यालिने सविता भएँ !

कसरी दबिन्छ हवाल यो कसरी कहिन्छ सवाल यो
सहने कहाँतक हाल यो न यता भएँ न उता भएँ !

अलपत्र लाग्दछ जीवनी म न टुङ्गिने कविता भएँ !
जति घोटिए पनि लेखनी न यता भएँ न उता भएँ !

– अनामिका, २०५२

CC-0. In Public Domain. Digitization by eGangotri

६

तन दुब्लियो, मन खुम्चियो, जन रित्तियो, धन सिद्धियो
सब जिन्दगी बहँदै गयो अपमृत्यु पो किन चाहियो !

अभिशापका फल छन् जहाँ लटरम्म जीवन वृक्षमा
जसले जलाउँछ वक्षमा अरू ताप पो किन चाहियो !

नरकै छ वैतरणी जहाँ दिन–रात छट्पट छड्कने
मनमा कुरा कति अड्कने अरू पाप पो किन चाहियो !

अरूले दिँदैन सहायता छ अरण्य–रोदन हा ! यता
रहँदा सदा असहायता यमदूत पो किन चाहियो !

जब घाउमाथि छ घाउ झन् अझ ठेसमाथि छ ठेस झन्
अपमान नून र चूक झन् अरू डण्ड पो किन चाहियो !

तन दुब्लियो, मन खुम्चियो, जन रित्तियो, धन सिद्धियो
सब जिन्दगी बहँदै गयो अपमृत्यु पो किन चाहियो !

– गोरखापत्र, शनिवार २३ पुस २०५१

CC-0. In Public Domain. Digitization by eGangotri

७

अझै त्यो आँसुले गाला भिजेको क्यै न क्यै होला !
न बोल्दा भित्र काँडा झैं बिझेको क्यै न क्यै होला !

हुँदा एक्लो बिछौनामा यही एकान्त कोठामा
उठेको श्वासले लामा पिरेको क्यै न क्यै होला !

बिरानो लाग्छ यैं कोठा पुरानो भो सबै चोटा
हुनाले कर्मले खोटा गिरेको क्यै न क्यै होला !

न आई बोल्दछन् कोही हुँदा अत्यन्त निर्मोही
न बुझ्दा हालतै केही जलेको क्यै न क्यै होला !

चटक्कै काटिंदा धागो बल्यो राँको बनी आगो
कठै ! त्यो स्नेह काहाँ गो डढेको क्यै न क्यै होला !

पसीना खेर गो पानी हुँदा सर्वस्व नोक्सानी
सँधैको हार हैरानी लुकेको क्यै न क्यै होला !

बितेका बित्दछन् जान्छन् कसैले साथ के लान्छन्
छ सुस्केरा जसो ठान्छन् जमर्को क्यै न क्यै होला !

घुमेको चित्तमा माला न बिर्सीसक्नु यो चात्रा
यसैमा जिन्दगी जाला झुल्को क्यै न क्यै होला !

अझै यो आँसुले गाला भिजेको क्यै न क्यै होला !
न बोल्दा भित्र काँडा झैं बिझेको क्यै न क्यै होला !

– मधुपर्क, २०५३ आश्विन

CC-0. In Public Domain. Digitization by eGangotri

८

उब्जेन शान्ति मनमा झल्केन घाम दिलमा
चम्केन रात जूनमा के काम यो जमाना !

बादल हटेर भाग्यो कुहिरो बढेर जाग्यो
सारै उराठ लाग्यो के काम यो जमाना !

हाँस्यो कमल फुलेको भमराहरू झुलेको
मकरन्द खै खुलेको ! के काम यो जमाना !

हांसेर इन्दु आए, तारा सँगै उदाए
तर आँसु पो चुहाए के काम यो जमाना !

किन राजहंस मानी छान्दैन दूध–पानी
हुन पुग्छ बेइमानी के काम यो जमाना !

हीरा र काँच हो कुन ? हो पित्तलै कि हो सुन ?
छुट्टिन्न दोष हो गुण के काम यो जमाना !

कति अड्छ जिन्दगानी, कति खप्छ घाम-पानी
कति लेख्नु यै कहानी के काम यो जमाना !

उब्जेन शान्ति मनना झल्केन घाम दिलमा
चम्केन रात जूनमा के काम यो जमाना !
के काम यो जमाना !

गोरखापत्र, शनिवार १ भाद्र २०५३

CC-0. In Public Domain. Digitization by eGangotri

९

झन् पुरानो याद मात्रै झलमलायो रातमा
शीत थोपा टल्किए झैं हल्लिएको पातमा

झांगिएका नांगिदैछन् वांगिदैछन् सोझिने
जिन्दगानी भित्र एक्लो को हुने हो साथमा
आँसु मात्रै झार्नुपर्ने जिन्दगीले काव्यमा
लेख्नुपर्दा लेखनी नै ढल्पलायो हातमा
फूलवारी फैलिएको वासना मग्मग हुने
वैलिदै झर्दै गयो झन् मच्चिएको वातमा
लेखिदैनन् काव्य मीठा गीत भित्रै अल्पिए
एक दोटा जूनकीरी पिल्पिलाए माथमा
एक थोपा मात्र पानी एक मूठी सासमा
धर्मराई अड्न गाह्रो हाडछाला गाथमा
खेल यात्रा जिन्दगीको टुंगिदै जादै छ यो
वास फेला पार्न गाह्रो आँट गल्ने आँतमा

झन् पुरानो याद मात्रै झलमलायो रातमा
शीत थोपा टल्किए झैं हल्लिएको पातमा

– गोरखापत्र, शनिवार १५ असार २०५३

CC-0. In Public Domain. Digitization by eGangotri

१०

कति कष्ट काट्नु छ ज्यानले म कुरै बताउन सक्तिन
न भनी कसैसित गुम्सिदै मुटु यो तताउन सक्तिन

कविता जगाउँछु रातमा जड लेखनी लिइ साथमा
दिलको व्यथा कुटुरो कथा म सबै फुकाउन सक्तिन

सुख मात्रमा सब मित्र छन् न त दुःखमा दिलभित्र छन्
चिह्नियो समाज परन्तु छन् न भनी लुकाउन सक्तिन

बहिरो छ कान भए पनि न त देख्छ नेत्र भए पछि
दिललाइ बिस्कुन घाममा सरि छन् सुकाउन सक्तिन

न विराम, गल्ति कसूर क्यै अपराध नै नभए पनि
विनसित्ति पाउ परी परी शिर यो झुकाउन सक्तिन

न त भासिएँ, न अकासिएँ भुमरी परेर बतासिएँ
जलमा डुबेर निसासिएँ अब गीत गाउन सक्तिन

कति कष्ट भोग्नु छ ज्यानले म कुरै उठाउन सक्तिन
न भनी कसैसित गुम्सिदै मुटु नै फुटाउन सक्तिन

— गोरखापत्र, शनिवार वैशाख २९ गते २०५३

CC-0. In Public Domain. Digitization by eGangotri

११

कसो भो भित्र के के भो उही जानोस् कि मैं जानूं
कि उस्तै व्यक्तिले जान्ला उही जानोस् कि मैं जानूं

झुलौनामा खिलौनामा झुलाएको भुलाएको
हिंडाएको डुलाएको उही जानोस् कि मै जानूं

दिंदा शिक्षा लिंदा भिक्षा पसीनाको बग्यो पानी
भयो सर्वस्व नोक्सानी उही जानोस् कि मै जानूं

सयौं आशा भरोसाको थियो त्यो पूल त्यो लामो
दिवाको स्वप्न झैं अल्प्यो उही जानोस् कि मै जानूं

न बोलेको न बोल्यै भो न खोलेको न खोल्यै भो
न मोलेको न मोल्यै भो उही जानोस् कि मै जानूं

भयो खाना भुसाजस्तो बिछौना भो चिताजस्तो
थियो कस्तो भया कस्तो उही जानोस् कि मै जानूं

कसो भो भित्र के के भो उही जानोस् कि मै जानूं
कि उस्तै व्यक्तिले जान्ला उही जानोस् कि मै जानूं

– गोरखापत्र, शनिवार चैत्र २४ गते २०५२

CC-0. In Public Domain. Digitization by eGangotri

१२

अस्ति जस्तो लाग्छ जीवन आज टाढा भै सक्यो !
सम्झनाको रङ्ग झन् झन् भित्र गाढा भै सक्यो !

स्नेह आमाको न पाई बाल–लीला टुङ्गियो
कल्पनाले मात्र आमा मान्नुपर्ने भै सक्यो !

बाबुको पाएर माया टेक्न खोज्दा भूमिमा
टुट्न गो होश न पाई श्राद्ध मात्रै भै सक्यो !

वर्ष पच्चीसै वितेथे साथ जसका बेगले
बाङ्गिदै त्यो अलिपहाली ज्यान एक्लो भै सक्यो !

पुत्र दोटा जन्मिएथे हुर्किए, ठूला भए
गै दिए रित्तो तुल्याई शोक काव्यै भै सक्यो !

आँसुले छेकिन्छ आँखा लेख्न लाग्दा रातमा
सुन्छ कल्ले हेर्छ कल्ले जो पुरानो भै सक्यो !

देख्नुपर्ने, सुन्नुपर्ने, भोग्नुपर्ने जे थियो
आज केही छैन बाँकी हाडछाला भै सक्यो !

अस्ति जस्तो लाग्छ जीवन आज टाढा भै सक्यो !
सम्झनाको रङ्ग झन् झन् भित्र गाढा भै सक्यो !

२०५२ असार २१ गते रात
६६ वर्ष बितेको सम्झनामा
– गोरखापत्र, शनिवार कार्तिक १७ २०५३

G·NO
1527
५०

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकः भरतराज पन्त

जन्मः वि. सं. १९८६।३।३०

शिक्षाः संस्कृतसाहित्याचार्य

नेपालीसाहित्य– एम्. ए.

प्रकाशित कृतिहरू

कविता–

उर्लेको आँसु (पुस्तिका) २०१२, जूनकीरी (कविता संग्रह) २०२३।

अनूदित–

तपस्विनी (कुमारसम्भव पाँचौं सर्ग) २०२५।

एकादशिका (एघारश्लोटा स्तोत्र) २०४३।

खण्डकाव्य–

दिनेश (शोक काव्य) २०२८। शैलपुत्री (प्रकृति काव्य) २०३६।

चन्द्रहास (पौराणिक काव्य) २०३६। भित्र–बाहिर (वैचारिक काव्य) २०५०। मनःस्थिति (शोक काव्य) २०५४।

गद्य–

भरतराज पन्त (जीवनी) नयाँ संस्करण २०४९।

हातको तकिया (लेख संग्रह) २०४१। पन्त बा! (संस्मरण) २०४९।

राजीवलोचन जोशी (२०५४)।

महाकाव्य–

दोभान (महाकाव्य) २०४१। नमस्कार (मुक्तक काव्य) २०४६।

मेरो रमु! (शोक काव्य) २०४८।

हास्यव्यंग्य–

गुन्द्रुक (संकलन) २०५०।

संस्कृत–

वल्लरी– (कविता संग्रह) २०५२